राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today

National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १७२ | २०८२ फाल्गुन २३ गते शनिवार | (Saturday, 7 March., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### प्रतिनिधि सभा निर्वाचन २०८२

# भ्रष्टाचार र बेथितिविरुद्ध मतदाताले बजाएको घण्टी

**कृष्ण ज्ञवाली**

**काठमाडौं, फागुन २२ गते ।**

डेढ वर्षअघि, प्रतिनिधिसभा बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले एउटा गम्भीर प्रश्न उठाए । ११ असार २०८१ मा उनले सदनमा पोखेको आक्रोश थियो- 'प्रधानमन्त्री पुष्पकमल दाहालको संरक्षणमा राजस्व अनुसन्धान विभागका महानिर्देशक चक्रबहादुर बुढाले व्यापारीहरूसँग पैसा उठाइरहेका छन् ।'

त्यसको दुई सातापछि दाहाल नेतृत्वको सरकार ढल्यो, कांग्रेसको समर्थनमा केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्यो । तर, ती महानिर्देशक राजस्व अनुसन्धान विभागमै रहे, आफ्नो दल सत्तामा पुगेपछि खतिवडाले महानिर्देशक बुढामाथि प्रश्न उठाएनन्, चुप बसे । नयाँ बनेको सरकार पुरानो बेथितिमाथि मौन बस्यो ।

दाहाल प्रधानमन्त्री भएपछि उनकी छोरी गंगा दाहाल स्वकीय सचिव भइन् । अनेक शंकास्पद व्यक्तिसँगको भेटघाट र सन्दिग्ध गतिविधिमाथि प्रश्न उठ्यो । त्यसपछि ओलीले छोरी गंगालाई सचिवालयबाट अलग गरेको घोषणा गरे । तर, संसद्मा पर्याप्त प्रश्न उठेन, तैं चुप, मै चुप भयो ।

ooo

ओली सरकारमा अजयकुमार चौरसिया कानुनमन्त्री थिए । अदालतमा विचाराधीन मुद्दाबारे दबाब दिन न्यायाधीशहरूलाई खुलमखुला फोन गराउन उनले तराईतिरका न्यायाधीशहरूलाई आतंकित नै बनाएका थिए ।

रौतहट बम प्रकरणमा मोहम्मद आफताब आलमले सफाइ पाउँदा भएको चलखेलमा उनको पनि नाम जोडियो, तर आफ्ना मन्त्रीमाथि आचरणमा प्रश्न उठेका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै 'एक्सन' लिएनन् । हुन त घुस प्रकरणमा मुछिएका मन्त्रीद्वय राजकुमार गुप्ता र बलराम अधिकारीलाई पनि ओलीले सकेसम्म जोगाएकै थिए ।

ooo

विमानस्थलस्थित अध्यागमन कार्यालयबाट नागरिकहरूलाई भिजिट भिसामा विदेश पठाउँदा असुलीधन्दा चलाएको र त्यसबापत हुने आर्थिक लाभ गृहमन्त्री रमेश लेखकसम्म पुगेको भनी संसद्मै प्रश्न उठ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसदहरूले लेखकको राजीनामा मागे ।

प्रधानमन्त्री ओलीको प्रभावमा परेका सभामुखले संसद्मा विपक्षीको आवाज कायम रहन दिएनन् भन्ने आरोप लाग्यो । विपक्षीले प्रश्न गरिरहेका बेला जबरजस्ती संसद् बैठक अघि बढाउनु गलत थियो भनी उनीमाथि प्रश्न नउठेको होइन ।

अन्ततः लेखकमाथिको प्रश्न गुपचुप पारियो । सरकारले विवादास्पद पृष्ठभूमिका पूर्वमुख्यसचिव शंकरदास बैरागीको नेतृत्वमा समिति बनायो । र, अख्तियारले पनि अनुसन्धानलाई गति दिएन । जेनजी



आन्दोलनपछि मात्रै सहसचिव तीर्थराज भट्टराई लगायतलाई त्यो घटनामा मुद्दा चलाइएको छ । अख्तियारको दाबीमा, पूर्वमन्त्री लेखकमाथि अनुसन्धान चलिरहेको छ ।

ooo

विगतका बेथिति भुल्ने हो भने पनि मंसिर २०७९ को प्रतिनिधिसभा निर्वाचनपछिका तीन वर्षमा प्रमुख तीन दल सत्तामा रहँदा नीतिगत तहको संलग्नतामा भएका अनियमितता र बेथितिको लामो फेहरिस्त बन्छ ।

माओवादी केन्द्र, एमाले र कांग्रेसले आपसमा मिलेर पालैपालो गठन गरेका सरकारका पालामा अनेक अनियमितता भए । तर, न प्रतिपक्षी दलले बेथितिमाथि प्रश्न उठाउन सके, न संसद्मा नै प्रभावकारी खबरदारी भयो । तीन वर्षमा उनीहरूका गतिविधि र विकृति जनताको नजरमा भ्रष्टाचार नै थिए । यत्ति हो कि, सडक र मतमार्फत प्रकट भएको थिएन ।

'स्थापित पुराना दलहरूमा नराम्रा र भ्रष्ट नेताहरू हावी भए, राम्रा र आशलाग्दा नेताले ती पार्टीमा पकड जमाउन सकेनन्,' चिकित्सा शिक्षामा फैलिएको बेथितिबारे आवाज उठाइरहेका डा. गोविन्द केसी भन्छन्, 'जनतामा त्यो प्रवृतिविरुद्ध निकै वितृष्णा भएको रहेछ, मतपेटिकामा त्यसैको आक्रोश पोखेका हुन् ।'

**बेथिति आडमा बेथितिकै मलजल**

२ सय ७५ सिटको प्रतिनिधिसभामा माओवादी केन्द्रलाई जनताले ३२ सिट दिनुको सोझो अर्थ प्रतिपक्षमा पठाउनु हो । तर, आफूसँग म्याजिक नम्बर भएको दाबी गर्दै प्रचण्ड प्रधानमन्त्री मात्रै बनेनन् । २३ सदस्यीय मन्त्रिमण्डलमा चार जना उपप्रधानमन्त्री बनाएका थिए ।

कतिसम्म भने, भ्रष्टाचार मुद्दा खेपिरहेका र स्वार्थको द्वन्द्व हुने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसद विक्रम पाण्डेलाई सहरी विकासमन्त्री बनाएर प्रचण्डले 'सुशासन सुरुवात' गरेका थिए । जनताले महसुस गर्ने गरी सेवा प्रवाह रूपान्तरण गर्ने घोषणा गरेका उनको सत्ता हनिमुन नै फिका भएको थियो ।

सत्तामा टिकिरहन दाहालले कहिले कांग्रेसलाई सत्तामा ल्याएर एमालेलाई बाहिर पठाउने त कहिले एमालेलाई सत्तामा ल्याएर कांग्रेसलाई बाहिर धकेल्ने गरिरहे ।

विगतमा नै लडाकुहरूको भत्ता बाँड्दा अनियमितता भएको आरोप खेपिरहेका उनले अयोग्य लडाकुलाई २ लाखका दरले दिने अर्को विवादास्पद निर्णय गरेका थिए । विरोध भएपछि मात्रै त्यो रोकिएको हो ।

राजनीतिक दलहरू कतिसम्म आ-आफ्नो स्वार्थमा केन्द्रित थिए र मुलुकका मुलभूत एजेन्डामा चिन्तित थिएनन् भन्ने उदाहरण हो- तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको महाभियोग ।

अघिल्लो कार्यकालमै महाभियोग लागेपछि प्रतिनिधिसभाले न उनलाई दोषी ठहर गर्‍यो, न उनीविरुद्धको प्रतिवेदन अस्वीकार नै गर्‍यो । मुलुकको न्यायपालिका प्रमुखमाथि लागेको संगीन आरोपमा मौन बनेर सांसदहरूले जनप्रतिनिधिमूलक थलोलाई निकम्मा बनाइरहेका थिए । अहिलेसम्म पनि त्यो प्रस्ताव र प्रतिवेदन प्रतिनिधिसभामा अलपत्र छ ।

**बिचौलिया बिगबिगी**

नेपाल टेलिकमका एक उच्चपदस्थ अधिकारीले टेलिकमको बिलिङ ठेक्कामा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणा, उनका छोरा जयवीर संलग्न भएको र त्यसक्रममा सञ्चार सचिव डा. बैकुण्ठ अर्याल समेत संलग्न भएको भनी अख्तियारमा अडियो टेपसहित उजुरी बुझाए । तर, अख्तियारले उनीहरूमाथि अनुसन्धान गरेन । बरु सत्ता साझेदार देउवापत्नीको दबाबमा प्रचण्डले तिनै अर्याललाई अवकाश हुनुभन्दा दुई दिनअघि मुख्यसचिव बनाए । आफू सत्तामा भएका बेला निजामती प्रशासनको अविभावक समेत मानिने मुख्यसचिवमाथि भ्रष्टाचार मुद्दा चल्दा प्रचण्डले कुनै प्रतिक्रिया दिएनन्, नैतिकताको अपेक्षा त टाढाको कुरा भयो ।

भ्रष्टाचारका घटना लुकाउनेदेखि अपराधमा संलग्नलाई उन्मुक्ति दिने श्रृङ्खलाबद्ध क्रियाकलाप भएका थिए । नेपालगञ्जमा खुँडा प्रहार गरेर व्यक्तिहत्या गर्ने रिगल ढकाललाई कैदमुक्त गर्दा तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले कुनै जिम्मेवारी लिएनन्, रक्षामन्त्री पूर्णबहादुर खड्का पर्दा पछाडि खेलेका थिए ।

धनराज गुरुङ अघिल्लो पटक निर्वाचित हुँदा धाँधली गरेको आरोप लागेको थियो । आफू कानुनमन्त्री बनेपछि उनले निर्वाचनका बेला निर्वाचन अधिकृतलाई प्रक्रिया मिचेर जिल्ला न्यायाधीश बनाए । त्यतिबेला विपक्षीहरू मौन थिए, संसद्मा कुनै प्रश्न गरेनन् ।

हो, ठिक त्यही बेला नक्कली शरणार्थी प्रकरण सतहमा आयो । नेपालीलाई नक्कली शरणार्थी बनाएर विदेश पठाउने त्यो घटनामा पूर्वगृहमन्त्री बालकृष्ण खाँडदेखि पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी अनुसन्धानको दायरामा परे । र, मुद्दा पनि चल्यो । तर, त्यही घटनामा नाम मुछिएका आरजु देउवामाथि कुनै अनुसन्धान भएन, खाँडकी पत्नी मञ्जुमाथि सोधपुछसम्म गरिएन । अनि, आरोपितहरूले पैसाको थैलो गाडीमै लगेर हालिदिएको भनी बयान गर्दासमेत अख्तियार प्रमुख प्रेमकुमार राई अनुसन्धानमा तानिएनन् ।

सत्तामा रहेका दलका नेताहरूले राजनीतिक दबाब र प्रभावमा अनुसन्धान प्रभावित पार्ने प्रयास त गरे नै, मुद्दा खेपिरहेका नेताहरूलाई छुटाउन न्यायालयसम्म कसरी दबाब दिएका थिए भन्नेबारे जनता बेखबर थिएनन् । कांग्रेस सभापति शेरबहादुर देउवाले बालकृष्ण खाँडलाई थुनामुक्त गराउन न्यायालयभित्र गरेको चलखेलको प्रयास कतै छिपेको थिएन ।

ठिक त्यति नै बेला 'बेचन झा' पक्राउ परेपछि एकाएक राजनीतिक घटनाक्रम विकसित भयो । कांग्रेस सभापति देउवा दम्पती बालकोट पुगे र केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा समर्थन गर्न तयार भए । त्यसपछि संसद्का दुई ठूला दलबीच समीकरणमा झन्डै दुई तिहाइको सरकार बनेको हो ।

विगतका कयौं घटनाले आमनागरिकलाई आक्रोशित बनाएको थियो । कोरोना महामारीका बेला स्वास्थ्य सामग्री खरिद विवादमा मुछिएका मन्त्री भानुभक्त ढकाल पशुपति जलहरी प्रकरणमा पनि जोडिएका थिए, तर सत्ताको आडमा उनी अनुसन्धानमा परेनन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालको गिरीबन्धु टि स्टेट्स प्रकरण पनि सतहमा आयो, जुन नीतिगत भ्रष्टाचारको नमुना थियो, तर राज्यका अरू निकायबाट अनुसन्धान हुन सकेन । संसद्मा प्रश्न उठाउनेहरूले त्यसलाई औपचारिक विरोधको माध्यम मात्रै बनाए, निष्कर्षमा पुर्‍याउन सकेनन् ।

पूर्वसचिव शारदाप्रसाद त्रितालको विचारमा आमजनमानसमा काठमाडौं महानगरपालिकाका मेयर बालेन साहलाई तत्कालीन सरकारले काम गर्न अवरोध गरेको छाप परेको थियो । रवि लामिछाने विरुद्धको मुद्दामा उनीहरूले प्रतिशोध देखेरै ४० लाख जनाको हस्ताक्षर संकलन गरेको उनी बताउँछन् । 'जनतामा फैलिएको आक्रोश सत्तामा बस्नेहरूले नजरअन्दाज गरेको स्पष्टै देखिन्थ्यो, किनभने उनीहरू उन्मत्त भएका थिए,' पूर्वसचिव त्रिताल भन्छन्, 'यो नतिजाले उनीहरूको आँखा खोलिएको हुनुपर्छ ।'

**भ्रष्टाचार संरक्षण**

त्यतिबेला सत्ता संरक्षण हुँदैनथ्यो भने पूर्वमन्त्रीहरू ज्ञानेन्द्रबहादुर कार्की, गोकुल बास्कोटा, मुख्यसचिव डा. बैकुण्ठ अर्यालले टेरामक्स अनियमितता भ्रष्टाचार मुद्दा खेप्नुपर्थ्यो । तर, केपी शर्मा ओली नेतृत्वको सरकारले सत्ता साझेदार कांग्रेसका नेताहरूलाई अप्ठेरो पर्ने परिस्थिति आउन दिएन ।

अख्तियारमै हस्तक्षेप गरेर अनुसन्धानलाई 'प्यारालाइज' गरिदियो । चौतर्फी प्रश्न खेप्न थालेपछि मात्रै अख्तियारले मोहनबहादुर बस्नेत लगायतमाथि मुद्दा चलाएको हो । अरूलाई संरक्षण गरिएको तर आफूलाई मात्रै मुद्दा चलाउन खोजिएको भनी कांग्रेस सांसद बस्नेतले त्यतिबेला प्रतिनिधिसभामै आक्रोश पोखेका थिए ।

नेपाल वायुसेवा निगमको वाइड बडी जहाज

*- बाँकी पृष्ठ ४ मा*

**कविता**



## निर्वाचन

***

**एमबी खड्का**

मान्छेहरु हुलका हुल आए
चारैतिरबाट आए
लस्करमा मिलेर उभिए
बहिदार भाइबहिनिहरुले
बहिखाता भिडाए
चित्रैचित्र कोरिएको कागज थमाए
बन्दबार भित्र छेकिएर
आँफ्नो मुटु हत्केलामा झिके
कागजको चित्र रोजेर राखे
मिलाएर पट्याए जतनसीत
र बन्दबाकस भित्र छिराए

डोलेहरुले मुटुहरु खाँदिएको बाकस
डोलीमा राखे र घेरा हाले
र सहर तिर लगे
मान्छेका मुटुहरु गुटुमुटु पारेर
मुटुका सौदागरहरु
दरबार तिर पसे
मुटु बिनाका मान्छेहरु
कोहि गामतिर बसे
कोहि खाडितिर पसे
यसपालीलाई यसैगरी
देशका लागि मुटुदान पर्व
समापन गरियो ।

**कविता**



## बुबाको महत्व

***

**प्रियतम कुमार यादव**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

आफ्नो इच्छा त्यागेर हाम्रो इच्छा जुराउँछन्
आफ्नो पिडा बिर्सेर हामीसँग रमाउँछ ।

आफू अशिक्षित भएर पनि हामीलाई शिक्षा दिइन्छ ।
आफू परिश्रम गरेर हामीलाई आराम दिइन्छ ॥

आफ्नो सपना बिर्सेर हामीलाई आफनो सपना ठान्छन् ।
जुन अरुसँग होइन बुवासँग मात्र सम्भव छ ॥

**कविता**



## सफलताको बाटो

***

**पुष्पा कुमारी यादव**
बर्दिवास, महोत्तरी

आज म सानो छु तर सपना ठुला छन्
हिँड्दै छु  बिस्तारै आकाशका बाटा खुला छन् ।

कहिले खुसी मनले
 कहिले आँसु बोकेर हिड्दै छु
कल्पनामा डुबेकी म कल्पनालाई
 सत्यतामा परिणत गर्ने प्रयास गर्दैछु ।

थाकेका छन् यी आँखा तर सपना सजाउँदै हिँडेका हरेक पाइलालाई
आफ्नो भविष्य बनाँउदै छु ।

हृदयमा मौनतता भए पनि
मनमा साहस बोकेको छु
 दुखलाई सुखमय ढाँचामा परिवर्तन गर्दै छु ।

पसिनाले लेख्दै छु कथा
सङ्घर्षले बनाउने छु चिनारी
आजको दुखले भोलि भन्छ
 तिमी नै हो जित्ने नारी।

**कविता**



## मेरी मायालु

***

**सृष्टि बराल**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

मेरो मायालु तिमी मुस्कान जस्तै हुन्
बिहानीको सुनौलो किरण जस्तै हुन्
बन्नु मनको आकाशको चम्किलो तारा
तिमी नै हौ मेरो सपनाको सहारा।

तिम्रो बोली मिठो कोइलीको जस्तै
हृदय छुने मधुर मुस्कान सुवास जस्तै
आँखा तिम्रा गहिरा समुद्र जस्तै
डुबिरहुँ लाग्छ मलाई बारम्बार त्यसै।

साथ तिम्रो पाउँदा संसार उज्यालो
निकै टाढा भाग्न खोज्छन् दुखको जालो
बन्नेछौं जीवनको सुन्दर कहानी
बसेको छ म तिमीलाई सर्वस्व ठानी।

तिमी यसरी मलाई सँधै साथ देऊ
हाँसो र माया कहिल्यै नछुटाऊ
हृदयको पानामा तिम्रो नाम लेखेको छु
मेरो जिन्दगीको सारथि तिमी नै रोजेको छु।

**कविता**



## अँध्यारो छ यहाँ

***

**समीक्षा भण्डारी**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

अँध्यारो छ यहाँ जसरी अन्धविश्वास भत्काएका छन् सपना
जहाँ शब्द मात्र होइन आशा पनि बेचिन्छ हरक्षण।

हिड्ने बाटोमा भुकम्पले झैं
हल्लाएको महसुस हुन्छ
लाग्छ यहाँ सुन्ने कान र छैन बुझ्ने मन।

यहाँ भिजाउँछ माटो हाम्रो आँसुले
सुनसान सडकहरू भत्काउँछ चिरबिर आवाजले
पर्खन्छौं यो धर्तीमा,
न्याय उठ्नेछन् सपनाहरु फेरि हामी बाल्छौं उज्यालो दीप अवश्य
चुपचाप अँध्यारो सँधै होइन।

**कविता**



## वर्तमान नेपाल

***

**सिम्रन कर्ण**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

नेपाल आज पुल बिचमा उभिएको छ
एक छेउ इतिहास र अर्को छेउ भविष्यको आशा छ
जुन सडकमा धुलो नाचिरहन्छ
त्यहींबाट विकासको भाषाण दिइरहन्छ।

कागजमा योजना लेखिन्छ चम्किला
यथार्थमा हुन्छ धैर्यको परीक्षा
छन् सपना युवाका आँखामा
अवसर नहुँदा जानुपर्ने विदेशमा।

किसान आकाश हेरिन्छ
सरकारले भाका फेरि रहन्छ
सहर जान मानिस हतारिएको छ
गाउँबस्ती मान्छेको पर्खाइमा छन्।

नेतामा राजनीति चलिरहेको छ
जनतामा अविश्वास बढिरहेको छ
तर पनि वर्तमान हार नमानौं
यहींबाट नेपालीको सुनौलो भविष्य लेखौं ।

**कविता**



## प्रतिज्ञा भित्रको २२ औं वसन्त रत्न

***

**नारदप्रसाद आचार्य**
संयुक्त राज्य अमेरिका

सानो छँदा
आमाको काख
मेरो प्रथम ब्रह्माण्ड थियो
जहाँ
ताजमहल जस्तो प्रेम
इँटा र सिमेन्टले  होइन,
निस्वर्थ स्पर्शले बनेको थियो।
बुबाको काँध
आकाश छुन सिकाउने
मेरो पहिलो शिखर बन्यो
जहाँ
मेरै अगाडि
त्याग र जिम्मेवारीका
अदृश्य दरबारहरू उभिएका थिए।
त्यहीँबाट
मनको गहिराइमा
एउटा दियो बल्यो
आँधीले नढल्ने
अन्धकारसँग नडराउने
आत्मविश्वासको सानो तर
अनन्त ज्योति।

मेरा प्रत्येक दिन र रात
घडीका काँटासँग होइन
संघर्षका पाइला गन्दै बिते
त्यस बेला समय
खुड्किलो थियो
हरेक टेकाइमा
आत्मा थाक्थ्यो
तर चेतना भरिलो हुन्थ्यो
घरबाहिरको संसार
उज्यालो जस्तै देखिन्थ्यो
तर त्यसभित्र
असमानताको छाँया  थियो।

कोही अधिकारको भाषण गर्थे
कोही अधिकारकै अभावमा
भोकै निदाउँथे।
मानिस
मानिससँगै डराइरहेको
यो समाज
कुनै पहाड भन्दा ठूलो प्रश्न
थियो।

मैले धर्म
ढुंगामा होइन
व्यवहारमा खोज्न सिके
ईश्वर
आकाशमा होइन
दुखीको आँखामा भेटाउन थाले ।
जब आत्मा
स्वार्थको खोल फालेर
करुणामा उभिन्छ
त्यहीँ
सत्यको आरती बल्छ।

जीवन
सधैं सरल श्लोक भएन
कहिले
गहिरो दार्शनिक प्रश्न बन्यो
म को हुँ?
किन आएको?”
कहाँ जाँदैछु?
उत्तरहरू
पुस्तकमा आधा भेटिए
आफ्नै गल्ती र भोगाइमा बाँकी
भेटिए ।

पीडा
मेरो गुरु बन्यो
असफलता
मेरो साधना भयो ।
शर्तरहित प्रेम गर्ने
भाइबहिनीहरूको इच्छा
हिमाल  झैं  अडिग रह्यो।
त्यो स्नेह
मेरो थाकेको यात्रामा
शितल दिने वृक्ष बन्यो।
मन मन्दिरमा
प्रेमको अंकुर उम्रियो
जो उमेरसँगै
नदीझै बग्यो
गर्वमा  होइन
सेवामा रुपान्तरित हुँदै।
अन्ततः बुझें
मानिस हुनु
देह धारण गर्नु मात्र होइन
चेतनाको दीप प्रज्वलित गर्नु हो।
जब
आत्मा
सत्य, प्रेम र न्यायसँग
हातेमालो गर्छ
तब जीवन
क्षणभंगुर शरीरभन्दा पर
अनन्त यात्राको
अमर बिम्ब बन्छ।


समयको घडीले
मार्च ०८-२००४ मा
अन्तराष्ट्रीय नारी दिवसको दिन
मेरो काँधमा
अदृश्य तर भारी आकाश राख्यो।
आँगनमा चरु पोलिदा
धुवाँसँगै
दुई आत्माका प्रार्थना उडिरहेका
थिए।
अग्नि देवतालाई साक्षी राखी
सात फेरा घुम्दा
पाइलाले मात्र होइन
भाग्यले पनि वृत कोरेको थियो।
कन्याको हात समाउँदा
पुरै जीवन समातिएको रहेछ।
थुप्रै वसन्तमध्ये
त्यो एक वसन्त
आज  फेरि  ढोका  ढकढक्याउँदै
भन्छ
प्रेम भनेको
फूल झर्ने ऋतुमा पनि
जरालाई हरियो राख्ने
प्रतिज्ञा हो।

सूचना, समाचार र मनोरञ्जनका लागि
**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

पृष्ठ संयोजन : नारायण घिमिरे [प्रत्येक शनिवार प्रकाशित हुने साहित्य पृष्ठका लागि कविता, गजल, मुक्तक, लघुकथा लगायतका रचना भए thepublictoday2070@gmail.com मा पठाउन सक्नुहुनेछ ।]

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. नेपालको इतिहासमा पहिलो पटक 'काठमाडौं म्युनिसिपालिटी' (नगरपालिका) को निर्वाचन कहिले सम्पन्न भएको थियो?**
A) वि.सं. २००७ फागुन ७
B) वि.सं. २००४ जेठ २९
C) वि.सं. २०१० भदौ १७
D) वि.सं. २०१४ माघ ७
**उत्तर: B) वि.सं. २००४ जेठ २९**

❖ पहिलो निर्वाचन: वि.सं. २००४ जेठ २९ गते (काठमाडौं म्युनिसिपालिटीको लागि)।

❖ महिलाको पहिलो मताधिकार: वि.सं. २०१० भदौ १७ गते (नगरपालिका निर्वाचनमा)।

❖ पहिलो महिला जनप्रतिनिधि: साधनादेवी प्रधान (वि.सं. २०१० मा काठमाडौं नगरपालिका वडा नं. ८ बाट निर्वाचित)।

❖ पहिलो आम निर्वाचन (संसदीय): वि.सं. २०१५ फागुन ७ गते।

**१. प्रारम्भिक तथा स्थानीय निर्वाचन** (२००४ - २०१४)

❖ २००४ जेठ २९: काठमाडौं नगरपालिका (म्युनिसिपालिटी) निर्वाचन।

❖ २०१० भदौ १७: नगरपालिका निर्वाचन।

❖ २०१४ माघ ७: स्थानीय निर्वाचन।

**२. पञ्चायतकालीन निर्वाचनहरू** (२०१८ - २०४४)

❖ २०१८ फागुन ७ देखि: गाउँ पञ्चायत निर्वाचन।

❖ २०१९ जेठ देखि: नगर पञ्चायत र जिल्ला सभा निर्वाचन।

❖ २०२० सालदेखि: अञ्चल सभा र अञ्चल पञ्चायत निर्वाचन।

❖ २०३९ बैशाख २८, ३१ र जेठ ३, ४: गाउँ पञ्चायत तथा नगर पञ्चायत निर्वाचन।

❖ २०३९ असार २: जिल्ला पञ्चायत निर्वाचन।

❖ २०४३ चैत ७ र १०: गाउँ पञ्चायत तथा नगर पञ्चायत निर्वाचन।

❖ २०४४ वैशाख २६: जिल्ला पञ्चायत निर्वाचन।

**३. बहुदलीय प्रजातन्त्र पुनर्स्थापनापछिका स्थानीय निर्वाचन** (२०४९ - २०६२)

❖ २०४९ जेठ १५ र १८: गाउँ विकास समिति (गाविस) तथा नगरपालिका निर्वाचन।

❖ २०४९ असार १३: जिल्ला विकास समिति निर्वाचन।

❖ २०५४ जेठ ४ र १३: गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन।

❖ २०५४ असार २७: जिल्ला विकास समिति निर्वाचन।

❖ २०६२ माघ २६: नगरपालिका निर्वाचन (तत्कालीन राजाको प्रत्यक्ष शासनकालमा)।

**४. संघीयता, गणतन्त्र र नयाँ संविधान पछिका निर्वाचनहरू** (२०७४ - **हालसम्म**)

❖ २०७४ को स्थानीय तह निर्वाचन: तीन चरणमा सम्पन्न (पहिलो: २०७४ बैशाख ३१, दोस्रो: २०७४ असार १४, तेस्रो: २०७४ असोज २)।

❖ पहिलो प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचन: २०७४ मंसिर १० र २१।

❖ दोस्रो स्थानीय तह निर्वाचन: २०७९ वैशाख ३०।

❖ दोस्रो प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन: २०७९ मंसिर ४।

❖ उपनिर्वाचनहरू: ८ २०८० बैशाख १० र २०८१ वैशाख १५ (प्रतिनिधिसभा)।
– २०८१ मंसिर १६ (स्थानीय तह)।

**५. आगामी निर्वाचनको कार्यतालिका**

❖ २०८२ फागुन २१: प्रतिनिधिसभाको निर्वाचन भयो ।

**२. इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीको सम्बन्धमा तलका मध्ये कुन भनाइ गलत छ?**
A) उनी इरानका दोस्रो सर्वोच्च नेता (Supreme Leader) थिए।
B) उनी सन् १९८१ देखि १९८९ सम्म इरानको तेस्रो राष्ट्रपतिका रूपमा कार्यरत थिए।
C) सन् १९८१ मा भएको हत्या प्रयासमा बाँचेका उनको देब्रे हात सधैंका लागि काम नगर्ने भएको थियो।
D) सन् २०२६ फेब्रुअरी २८ मा 'अपरेशन राइजिङ लायन' (Operation Rising Lion) अन्तर्गत भएको आक्रमणमा उनको मृत्यु भयो।
**उत्तर: C ( विकल्प C गलत छ किनभने सन् १९८१ को हत्या प्रयासमा उनको दाहिने हात सधैंका लागि काम नगर्ने (प्यारालाइज्ड) भएको थियो, देब्रे हात होइन।**

❖ आक्रमण कहिले भयो? : २८ फेब्रुअरी २०२६

❖ खामेनीको मृत्यु कहिले भयो ? : सन् २०२६ फेब्रुअरी २८
❖ स्थान: तेहरान, इरान (पास्टोर जिल्लाको भूमिगत बंकर)
❖ संलग्न पक्ष: अमेरिका र इजरायल द्वारा इरान माथि गरिएको संयुक्त हवाई तथा क्षेप्यास्त्र आक्रमण।

❖ शैन्य अपरेशनको नाम: Operation Rising Lion (यसलाई Operation Shield या Judah र अमेरिकी क्याम्पेन Operation Epic Fury पनि भनिएको)।

❖ मारिएका मुख्य व्यक्ति: इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनी (Ayatollah Ali Khamenei)। साथै इरानी रक्षामन्त्री अजीज नासिरजादेह लगायत शीर्ष सैन्य कमान्डरहरू।

**घटनाको प्रभाव र पछिल्लो अवस्था**

❖ जवाफी कारबाही: खामेनीको मृत्युपछि इरानले मध्यपूर्वमा रहेका अमेरिकी बेसहरू (कुवेत, युएई, इराक आदि) र इजरायल माथि क्षेप्यास्त्र तथा ड्रोनमार्फत भीषण जवाफी आक्रमण गरिरहेको छ।

❖ नयाँ नेतृत्व चयन प्रक्रिया: इरानमा ८८ जना वरिष्ठ धर्मगुरुहरूको निर्वाचित निकाय छ, जसलाई 'एसेम्बली अफ एक्सपर्ट्स' (Assembly of Experts) भनिन्छ। इरानको संविधान अनुसार अब यसै निकायले नयाँ सर्वोच्च नेता (Supreme Leader) को चयन गर्नेछ।

❖ राष्ट्रिय शोक: घटनापश्चात् इरान सरकारले देशव्यापी रूपमा ४० दिने राष्ट्रिय शोक घोषणा गरेको छ।

**को हुन् आयतुल्लाह अली खामेनी?**

❖ जन्म: उनको जन्म १९ अप्रिल १९३९ मा इरानको मशहद (Mashhad) सहरमा भएको थियो।

❖ इरानका तेस्रो राष्ट्रपति: सर्वोच्च नेता बन्नुअघि उनी सन् १९८१ देखि १९८९ सम्म इरानको तेस्रो राष्ट्रपति का रूपमा कार्यरत थिए। उनी इरानका पहिलो धर्मगुरु राष्ट्रपति हुन्।

❖ दोस्रो सर्वोच्च नेता (Supreme Leader): प्रथम सर्वोच्च नेता अयातोल्लाह रुहोल्लाह खोमेनीको मृत्युपछि सन् १९८९ मा उनी सर्वोच्च नेता बनेका थिए। उनले सन् १९८९ देखि २०२६ सम्म इरानको सर्वोच्च नेताका रूपमा शासन गरे।

❖ क्रान्तिमा भूमिका: पहलवी राजतन्त्रको अन्त्य गर्ने सन् १९७९ को इस्लामिक क्रान्ति मा उनको महत्त्वपूर्ण र वैचारिक भूमिका थियो। शाहको शासनकालमा उनी पटक-पटक जेल र निर्वासनमा परेका थिए।

❖ हत्या प्रयास: सन् १९८१ मा मोहाहिदिन-ए खाल्क (MEK) द्वारा गरिएको एक बम विष्फोट तथा हत्या प्रयासमा उनी बाँचेका थिए, तर उनको दाहिने हात सधैंका लागि प्यारालाइज्ड (काम नगर्ने) भएको थियो।

❖ नीति तथा दृष्टिकोण: उनी इजरायल र अमेरिका का कट्टर विरोधी मानिन्थे । उनले इरानको परमाणु कार्यक्रम (Nuclear Program) लाई अगाडि बढाउनुका साथै मध्यपूर्वमा 'प्रतिरोधको अक्ष' (Axis of Resistance) निर्माण गर्न सैन्य र अर्धसैनिक संयन्त्र (IRGC) लाई शक्तिशाली बनाएका थिए।

**३. नेपाल र भारतबीच जैविक विविधता संरक्षणसम्बन्धी द्विपक्षीय समझदारीपत्र (MoU) मा कहिले हस्ताक्षर भयो?**
A) २०८२ माघ १०
B) २०८२ फागुन १४
C) २०८२ फागुन २०
D) २०८२ वैशाख ०५
**उत्तर : B) २०८२ फागुन १४**



❖ हस्ताक्षर भएको मिति: २०८२ फागुन १४, बिहिबार (तद्नुसार २६ फेब्रुअरी, २०२६)

❖ स्थान: नयाँ दिल्ली, भारत
❖ हस्ताक्षरकर्ताहरू: ८ नेपालको तर्फबाट: भारतका लागि नेपाली राजदूत डा. शंकर प्रसाद शर्मा
❖ भारतको तर्फबाट: वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयका सचिव तन्मय कुमार
❖ विशेष उपस्थिति: नेपालका वन तथा वातावरण मन्त्री माधव प्रसाद चौलागाईं र भारतका वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादव।

❖ SAWEN को पुरा रूप: South Asia Wildlife Enforcement Network।

**४. संयुक्त राष्ट्र संघद्वारा 'पेरिस एग्रिमेन्ट क्रेडिटिङ मेकानिजम' (PACM) अन्तर्गत विश्वकै पहिलो कार्बन क्रेडिट कहिले स्वीकृत गरियो?**
A) १२ डिसेम्बर २०२५
B) २६ फेब्रुअरी २०२६
C) ३० नोभेम्बर २०२४
D) १ जनवरी २०२६
**उत्तर: B) २६ फेब्रुअरी २०२६**

**नेपालमा पेरिस सम्झौता अन्तर्गत पहिलो 'कार्बन क्रेडिट' स्वीकृत**

❖ विषय: संयुक्त राष्ट्र संघद्वारा 'पेरिस एग्रिमेन्ट क्रेडिटिङ मेकानिजम' (PACM) अन्तर्गत विश्वकै पहिलो कार्बन क्रेडिट जारी।

❖ स्वीकृति मिति: २६ फेब्रुअरी २०२६ (२०८२ फागुन)।

❖ पहिलो स्वीकृत परियोजना: म्यानमारको 'क्लिन कुकिङ' (स्वच्छ भान्सा) परियोजना।

❖ महत्व: विश्वव्यापी कार्बन व्यापारको औपचारिक सुरुवात, जसले विकासशील देशहरूमा जलवायु परिवर्तनसँग जुध्न मद्दत गर्ने।
(पेरिस सम्झौता र नेपाल)

❖ पेरिस सम्झौता: संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्षराष्ट्रहरूद्वारा १२ डिसेम्बर २०१५ मा फ्रान्सको राजधानी पेरिसमा यो सम्झौता गरिएको थियो।

❖ हस्ताक्षर र अनुमोदन: नेपालको तर्फबाट तत्कालीन उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले सम्झौतामा हस्ताक्षर गरेका थिए। पछि, नेपालको व्यवस्थापिका संसद्ले २०७३ आश्विन १८ गते (मंगलबार) यस सम्झौतालाई औपचारिक रूपमा अनुमोदन गरेको थियो, जसले गर्दा नेपाल यस सम्झौताको संस्थापक मुलुकमध्ये एक बन्न सफल भयो।

❖ नेपालको अवस्था: विश्वव्यापी कार्बन उत्सर्जनमा नेपालको हिस्सा अत्यन्तै न्यून अर्थात् ०.०२७ प्रतिशत मात्र रहेको छ। तर, जलवायु परिवर्तनको असर (जस्तै: तापक्रम वृद्धि, हिमताल पग्लने, अतिवृष्टि र अनावृष्टि) को जोखिममा भने नेपाल अग्रपंक्तिमा पर्दछ।

❖ लागू हुने शर्त: पेरिस सम्झौता लागू हुनका लागि विश्वको कुल हरितगृह ग्यास प्रदूषणको कम्तीमा ५५ प्रतिशत हिस्सा ओगट्ने ५५ वटा मुलुकले यसलाई अनुमोदन गर्नुपर्ने प्रावधान राखिएको थियो।

❖ मुख्य लक्ष्य: हरितगृह ग्यास (कार्बनडाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड आदि) को बढ्दो उत्सर्जनलाई नियन्त्रण गरी विश्वको औसत तापक्रम वृद्धिलाई २ डिग्री सेल्सियसभन्दा तल (सकेसम्म १.५ डिग्री सेल्सियस) सीमित राख्ने।

**५. पाकिस्तानले अफगानिस्तानका तालिवान विरुद्ध 'खुला युद्ध' (Open War) को घोषणा कहिले गरेको हो?**
A) २०८१ माघ १०
B) २०८२ फागुन १५ (२६ फेब्रुअरी २०२६)
C) २०२५ अक्टोबर १५
D) २०२६ जनवरी २६
उत्तर: B) २०८२ फागुन १५

**पाकिस्तान र अफगानिस्तानबीच 'खुला युद्ध' को घोषणा**

❖ मुख्य घटना: पाकिस्तानद्वारा अफगानिस्तानका तालिवान लडाकूहरूविरुद्ध 'खुला युद्ध' (Open War) को घोषणा र सैन्य कारबाही सुरु।
❖ प्रारम्भ मिति: २०८२ फागुन १५ (२६ फेब्रुअरी २०२६)।

❖ सैन्य अपरेशनको नाम: 'गजब-लिल-हक' (Gajab–lil–Haq) - पाकिस्तानद्वारा सञ्चालित।

❖ प्रभावित क्षेत्रहरू: अफगानिस्तानको राजधानी काबुल, कान्दहार, र पाक्तिया प्रान्तका सैन्य ठेगानाहरू।

❖ युद्धको कारण: अफगानिस्तानका तालिवान लडाकूहरूले २,६०० किलोमिटर लामो डुरण्ड रेखा (Durand Line) का ५३ विभिन्न स्थानमा रहेका पाकिस्तानी सीमा पोस्टहरूमा एकसाथ आक्रमण गरेपछि पाकिस्तानले यो कदम चालेको हो।

❖ आधिकारिक घोषणा: पाकिस्तानका रक्षामन्त्री खवाजा मोहम्मद आसिफले सामाजिक सञ्जालमार्फत "धैर्यको सीमा नाघिएको" बताउँदै अब दुई देशबीच 'खुला युद्ध' सुरु भएको घोषणा गर्नुभयो।

❖ हताहतीको दाबी (विवादास्पद):
– पाकिस्तानको दाबी: हवाई हमलामा १३३ तालिवान लडाकू मारिएका र २०० भन्दा बढी घाइते भएका।
– अफगानिस्तानको दाबी: प्रत्याक्रमणमा ५५ पाकिस्तानी सैनिक मारिएका, १९ पोस्ट ध्वस्त पारेको र केही सैनिकलाई नियन्त्रणमा लिएको।
❖ अन्तर्राष्ट्रिय प्रतिक्रिया:
– अमेरिका: पाकिस्तानको 'आत्मरक्षाको अधिकार' लाई समर्थन गरेको।
– चीन, कतार र साउदी अरब: दुवै देशलाई संयमित हुन र वार्ताबाट समाधान खोज्न आग्रह।
– इरान: दुई देशबीच मध्यस्थता (Mediation) गर्ने प्रस्ताव अघि सारेको।

# नेतृत्वको निर्मम समीक्षा हुन्छ : विश्वप्रकाश

द पब्लिक टुडे समाचारदाता
गौशाला, फागुन २२ गते ।



नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले हालै सम्पन्न निर्वाचनको परिणाम आफ्नो पार्टीको अनुकूल नआएको स्वीकार गर्दै यसको गहिरो र निर्मम समीक्षा गरिने बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा एक भिडियो सन्देश जारी गर्दै शर्माले निर्वाचनको नतिजा अनपेक्षित नभएको भन्दै पार्टीले नागरिकको चाहना र बदलिँदो मनोविज्ञानलाई समयमै बुझ्न नसक्दा हार व्यहोर्नुपरेको निष्कर्ष निकालेका हुन् ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा धरान, धनगढी र काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवारहरूले जितेर दिएको सन्देशलाई कांग्रेसले बेवास्ता गरेको शर्माले बताए। मतदाताले 'सरकारको काम गराइ बदल, दल बदल, नत्र हाम्रो मन बदलिन्छ' भनेर स्पष्ट सन्देश दिए पनि पार्टीले आफूलाई अपेक्षित गतिमा बदल्न नसकेको उनको भनाइ छ । नागरिकको त्यही रुष्ट मनलाई मतमा बदल्ने मौका छोपेर नयाँ दलको जन्म भएको शर्माले प्रस्ट पारे ।

संसद्को पहिलो दल बने पनि कांग्रेसले सरकारको नेतृत्व गर्दा वा प्रतिपक्षमा बस्दा प्रभावकारी भूमिका खेल्न नसकेको उनले स्वीकार गरे । सरकारको काम गराइ र गतिमा प्रगति गराउन नसक्दा आम नागरिकमा असन्तुष्टि, निराशा र विद्रोह जन्मिएको र नागरिक पङ्क्तिमा विश्वास जगाउन नसक्दा चुनावमा पराजय भोग्नुपरेको उनले बताए । विद्रोह जगाउन जो कोहीले सके पनि विश्वास जगाउन नसकेपछि अपेक्षित नतिजा नआउने उनको विश्लेषण छ ।

पार्टीभित्र सुधारको प्रयास स्वरुप महाधिवेशनपछि नीति अधिवेशन लगायतका अभियान चलाइए पनि त्यो पर्याप्त नभएको शर्माले बताए । पार्टीभित्रका समस्यालाई 'एमआरआई' गरेर डायग्नोसिस गर्दै डकुमेन्ट बनाएर तल्लो तहसम्म पुऱ्याउने प्रयास गरे पनि लोकप्रियतावाद (पपुलिजम) लाई चिर्न नसकिएको उनले स्वीकार गरे। जनताले प्रशासन, दल र सरकार सबै क्षेत्रमा परिवर्तन खोजेको अवस्थामा कांग्रेसले परिवर्तनको सुरुवात आफैंबाट गर्नुपर्ने कुरा आम नागरिकसम्म बुझाउन नसकेको उनले भिडियोमा उल्लेख गरेका छन् । शर्माले मृत्यु र परिवर्तन दुई कुरा मात्र निश्चित रहेको दार्शनिक तर्क गर्दै मानिसले मृत्यु नचाहे पनि परिवर्तन सधैं खोजिरहने बताए । सबै क्षेत्रमा परिवर्तन हुनुपर्छ भन्ने आम अपेक्षालाई सम्बोधन गर्न कसैले न कसैले सुरुवात गर्नुपर्ने र त्यो सुरुवात अरुले गरिदिएका कारण आफूहरू चुकेको उनले बताए ।

अब छिट्टै पार्टीको केन्द्रीय कार्यसमिति बैठक बसेर यस विषयमा गहिरो समीक्षा गरिने शर्माले उद्घोष गरेका छन् । यो हारलाई सामान्य रूपमा नलिई पार्टीको वर्तमान नेतृत्व, निवर्तमान नेतृत्व र समग्र पार्टी सञ्चालन प्रक्रियाका कमजोरीहरूलाई एक-एक गरेर केलाइने उनले बताए। विगतका चुनावदेखि अहिलेसम्म सरकार र पार्टी सञ्चालनमा कहाँ-कहाँ चुक्यौं भन्ने विषयमा गहन अध्ययन गरेर पार्टीलाई नयाँ ढंगले भाइब्रेन्ट बनाउने उनले दाबी गरे ।

पराजयको यो घडीमा निराश नहुन, संयम अपनाउन र एकताबद्ध रहेर ऊर्जाशील बन्न शर्माले सम्पूर्ण पार्टी पङ्क्तिलाई आग्रह गरेका छन् । सन्देशको अन्त्यमा उनले लोकतान्त्रिक अभ्यासलाई आत्मसात् गर्दै निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विजयी सबै उम्मेदवारहरूलाई बधाई समेत दिएका छन् । रातोपाटी

# मतदानमा महिला सहभागिता बढी

महोत्तरी, फागुन २२ गते ।

बिहीबार भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरी जिल्लाबाट मतदान गर्ने महिलाको संख्या बढी देखिएको छ ।



महोत्तरीमा पुरुषभन्दा ३९ हजार ८९ मतदाता कम भए पनि महिलाको सहभागिता बढी देखिएको हो ।

पुरुषभन्दा १३ हजार ५ सय ४५ बढी महिलाले मतदान गरेका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्लामा रहेका चार लाख ३१ हजार २८२ मतदाता रहेकामध्ये महिलाको संख्या पुरुषभन्दा ३९ हजार ८९ कम छ। जिल्लामा कुल मत दुई लाख ५८ हजार १५७ मत खसेको थियो ।

मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीका अनुसार जिल्लाका चारवटै प्रतिनिधिसभा क्षेत्रमा मतदानमा महिला सहभागिता बढी देखिएको छ । क्षेत्र नं. १ मा ३४ हजार ५१५ महिला सहभागी भएका उनले उल्लेख गरे ।

यस्तै, क्षेत्र नं. २ मा ३४ हजार ५७८, क्षेत्र नं. ३ मा ३३ हजार ३७ र क्षेत्र नं. ४ मा ३३ हजार ७२० जना महिलाले मतदान गरेका मुख्य निर्वाचन अधिकृत अधिकारीले जानकारी दिए । जिल्लामा सहभागिता १३ हजार ५४५ ले बढी रहेको उनले बताए। जिल्लामा मतदाता नामावलीमा महिलाभन्दा पुरुषको संख्या बढी भए पनि मतदानमा महिला बढी देखिनुमा पुरुष कामका लागि विदेश जानु मुख्य कारण रहेको सामाजिक अगुवा बताउँछन् । यसबीच बढेको राजनीतिक जागरण, महिला साक्षरता र सामाजिक एवं राजनीतिक गतिविधिमा बढ्दो महिला चासोले पनि यो अवस्था बनेको प्रयास महोत्तरी सामाजिक संस्थाका अध्यक्ष प्रवीण कर्णले बताए। रासस

# अबदेखि उम्मेदवार नै बन्दिन : राजन

द पब्लिक टुडे समाचारदाता
गौशाला, फागुन २२ गते ।



काठमाडौं निर्वाचन क्षेत्र नं.-४ बाट नेकपा (एमाले) का उम्मेदवार डा. राजन भट्टराईले निर्वाचन परिणामलाई पूर्ण सम्मानका साथ स्वीकार गरेको बताएका छन् ।

भट्टराईले मतदाताको विश्वास जित्न नसकेको स्पष्ट गर्दै विजयोन्मुख उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टीका पुकार बमलाई बधाई दिएका छन् ।

उनले निर्वाचनमा सहयोग, समर्थन र साथ दिएका पार्टी कार्यकर्ता, समर्थक र जनसमुदायप्रति आभार व्यक्त गरेका छन् । यो क्षेत्रबाट नेपाली कांग्रेसका गगन थापा सर्लाही ४ मा झर्दा पनि भट्टराई तेस्रो पटक पराजित हुन पुगेका छन्। विगतका दुई निर्वाचनमा उनी कांग्रेस नेता गगन थापासँग पराजित भएका थिए । तेस्रो पटक यही क्षेत्रबाट चुनावी मैदानमा उत्रिएका उनी रास्वपाका पुकार बमसँग पराजित भए । उनी निकटतम् प्रतिद्वन्द्वी पनि हुन सकेनन् ।

भट्टराईले राजनीतिमा पराजय अन्तिम सत्य नभएको उल्लेख गर्दै यसलाई आत्मसमीक्षा र नयाँ पाठ सिक्ने अवसरका रूपमा लिने बताए। उनले आत्मसमीक्षा, सुधार र जनतासँगको सम्बन्ध सुदृढ पार्दै भविष्यमा फेरि विश्वास जित्ने विश्वास व्यक्त गरेका छन् ।

उनले आफ्नो व्यक्तिगत निर्णय सार्वजनिक गर्दै आगामी कुनै पनि निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा समेत गरेका छन् ।

# ट्रकको ठक्करबाट मोसा चालकको मृत्यु

नवलपुर, फागुन २२ गते ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रवार साँझ पूर्वपश्चिम राजमार्गअन्तर्गत कालीगण्डकी चोकमा ना५ख ९००६ नम्बरको ट्रकले ना२८प ४२६० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रमुख प्रहरी उपरीक्षक युवराज खड्काले दुर्घटनामा करिब ३५ वर्षीय युवकको मृत्यु भएको जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालकको उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेजमा पठाइएकामा चिकित्सकले मृत घोषणा गरेका उनले बताए ।

दुर्घटनामा मृत्यु हुने मोटरसाइकल चालकको परिचय नखुलेको खड्काले जानकारी दिए। दुर्घटनामा संलग्न ट्रक चालक भक्तपुरको भक्तपुर नगरपालिका-७ का ४२ वर्षीय आशकुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको उनले बताए । रासस

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

# भ्रष्टाचार र बेथितिविरुद्ध मतदाताले...

खरिद प्रकरणमाथि यथार्थपरक अनुसन्धान भएको भए सटही सुविधाको निर्णय गर्ने शेरबहादुर देउवा पनि अनुसन्धानको दायरामा तानिने थिए । तर, एकअर्काको बेथितिमा 'तैं चुप, मै चुप' गर्ने स्वभाव देखाएका प्रमुख तीन शीर्ष नेताले एकअर्कामाथि राज्यतहबाट अप्ठेरो पर्ने काम गरेनन् ।

अख्तियारमा अडियो सहित उजुरी पर्दा पनि नेपाल टेलिकमको बिलिङ प्रकरणमा आरजु देउवा र छोरा जयवीरमाथि अनुसन्धान नहुनु प्रमाणको अभाव होइन, राजनीतिक संरक्षण नै मुख्य कारण थियो ।

'जनता र विपक्षी सांसदहरूले सत्ताको बेथितिमाथि प्रश्न नउठाएका होइनन् नि, तर त्यसको पटक्कै सुनुवाइ भएको देखिएन,' पूर्वसचिव त्रिताल भन्छन्, 'दुई ठूला दलले सत्ता गठबन्धन गर्दासमेत जनताको आकांक्षा सम्बोधन गर्न सकेनन्, बेथिति संस्थागत गरे, युवाहरूले भदौमा त्यसको आक्रोश पोखे, मतदाताले अहिले प्रतिक्रिया जनाए ।'

सहकारी ठगी आरोपमा लेखा समिति सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला कोइरालाविरुद्ध मुद्दा चल्यो, तर उनी एकाएक धरौटीमा रिहा भइन् । कतिपयले रौतहटमा मोहम्मद आफताब आलमको सफाइलाई न्यायालयमा भएको राजनीतिक हस्तक्षेपको कारण मान्छन् ।

यतिसम्म कि, विशेष अदालतमा दर्ता भएका टेरामक्स, पतञ्जली लगायत ठूला भ्रष्टाचार मुद्दा दृष्टिगत गरी तत्कालीन गृहमन्त्री रमेश लेखकका नातेदार सुदर्शनदेव भट्टलाई विशेष अदालतको अध्यक्ष बनाइएको थियो । न्यायपरिषद् सम्बद्ध स्रोतका अनुसार उनलाई विशेष अदालतमा ल्याउन तत्कालीन प्रधानमन्त्री ओली र देउवाबीच छलफल समेत भएको थियो ।

विवादास्पद व्यवसायीबाट पार्टी कार्यालयका लागि जग्गादान लिने निर्णयदेखि नैतिक चरित्रमा प्रश्न उठेका कृष्णमान प्रधानजस्ता व्यक्तिलाई निर्वाचन आयुक्तमा सिफारिस गर्ने कदमले प्रमुख दलहरूका शीर्ष नेताहरूको चरित्रमा प्रश्न उठेको थियो । कार्यपालिकामा देखिएको बेथितिका कयौं बाछिटा न्यायपालिकासम्म पुगेको थियो, भ्रष्टाचार मुद्दाका कसुरदारहरू सार्वजनिक पदमा निलम्बन नहुने भनी भएको फैसला त्यसको उदाहरण हो ।

खुलेआम लुटतन्त्र

यदि सत्तारुढ सांसदहरू र सभामुख देवराज घिमिरेलाई जनताप्रति जवाफदेहिताको आभास हुन्थ्यो भने बहालवाला गृहमन्त्री रमेश लेखकमाथि 'भिजिट भिसा प्रकरणमा मुछिएको र आर्थिक लाभ लिएको' आरोपमा प्रश्न उठ्दा संसद्मा जबरजस्ती हुँदैनथ्यो ।

रास्वपा सांसदहरूले प्रश्न उठाएर संसद् अवरुद्ध गरिरहँदा सभामुख घिमिरेले सदनको कारबाही अघि बढाए । अन्ततः अख्तियारले विशेष अदालतमै पठाएको विवरणमा पूर्वमन्त्री लेखकमाथि भिजिट भिसा प्रकरणमा अनुसन्धान चलिरहेको पुष्टि भएको छ । मुद्दा चलेको केही महिना बित्दासमेत अख्तियारले अनुसन्धान टुंग्याएको छैन ।

ओली सरकारको पालाका पोखराको लिचीबारी प्रकरण र त्यसमा मन्त्रीहरू राजकुमार गुप्ता र बलराम अधिकारी जोडिएको घटना नीतिगत भ्रष्टाचारका उदाहरण हुन् । गृहसचिव गोकर्णमणि दुवाडीदेखि सहसचिव छवि रिजाल जोडिएको भिजिट भिसा प्रकरणको लेनदेन आरोप टुंगिएको छैन ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रकरणको २ अर्बभन्दा बढीको कर छुट प्रकरण पनि बेथितिको अर्को नमुना हो । अरू त अरू, बहालवाला मन्त्री कुमार इङनामले पूर्वमन्त्रीमाथि घुस लिएको आरोप लगाउँदा समेत कुनै अनुसन्धान भएको छैन ।

केही दिनअघि मात्रै ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचार अवधारणा सूचकांक सार्वजनिक गर्दै 'मुलुकको भ्रष्टाचार ज्युँका त्युँ रहेको' निष्कर्ष निकालेको थियो । आर्थिक अपराध र त्यसबाट धन आर्जन गर्ने प्रवृत्ति नियन्त्रण गर्न नसक्दा नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टबाट अझै खतराको सूचीमा पर्ने जोखिम छ ।

यहाँ उल्लेख भएका सबै घटनालाई पूर्वसचिव त्रिताल जनताको मनभित्र आक्रोश उत्पन्न गराउने कारक ठान्छन् । 'जनताले त्यो कुरा त पटक-पटक विभिन्न माध्यमबाट व्यक्त गरेका थिए, तर सत्ताले सुनेन,' उनी भन्छन्, 'अहिले जनताले मतमार्फत आक्रोश व्यक्त गरेका हुन् ।'

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री